# अर्जुनचौपारी गाउँपालिकाको गाउँसभाको 1९औं अधिवेशनमा उपाध्यक्ष श्री सपना गुरुङले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

गाउँसभाबाट स्वीकृत मितिः २०८३/०३/०९

प्रमाणीकरण मितिः २०८३/०३/०९

**सभाध्यक्ष ज्यू,**

१. नेपालको संविधानको धारा २३०, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१, अर्जुनचौपारी गाउँपालिका विनियोजन ऐन २०८३ , आर्थिक ऐन २०८३ र नीति तथा कार्यक्रम २०८३ ले लिएका सिद्धान्त र प्राथमिकता, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासको लक्ष्य, गण्डकी प्रदेश सरकारको आवधिक योजना, मध्यकालीन खर्च संरचना, गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड एवं अनुसन्धनात्मक दस्तावेज, गाउँ सभाका सदस्यहरूले दिनु भएको सुझावहरूलाई समेत ध्यान दिई अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न गाउँपालिकाको उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा उपस्थित भएको छु ।

२. देशको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना, युवा पुस्ताले गरेको GEN Z आन्दोलन लगायतका संघर्षहरुमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । आन्दोलनका क्रममा घाइते बेपत्ता परिवारहरुप्रति हार्दिक सम्मान तथा शिघ्र स्वास्थ्य लाभको कामना प्रकट गर्दछु ।

३. स्थापनाको सफल नौ वर्ष पूरा गरी दशौँ वर्षमा प्रवेश गरिरहेको अर्जुनचौपारी गाउँपालिका, विश्वको सर्वोच्च शिखर सगरमाथाले नेपाललाई विश्वसामु गौरवपूर्ण परिचय दिलाएझैं आफ्ना सम्भावना, उपलब्धि र मौलिक पहिचानका बलमा विशिष्ट छवि निर्माण गर्दै निरन्तर सेवा प्रवाह र दिगो विकासमा अग्रसर छ। कञ्चन दरौँखोलासँग लुकामारी खेल्दै, डहरे देउराली देवीको आशीर्वादलाई शिरमा धारण गरी नवग्रह देवताहरूको काखमा मुस्कुराइरहेको विविध सांस्कृतिक, धार्मिक, जैविक तथा पौराणिक सम्पदाले सम्पन्न हाम्रो अनुपम अर्जुनचौपारी गाउँपालिकाको उन्नाइसौँ गाउँसभाको यस ऐतिहासिक पलमा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत तथा उच्च सम्मान व्यक्त गर्दछु।

४. गण्डकी प्रदेशमा मात्र सीमित नरही अर्जुनचौपारी गाउँपालिका आज नेपालमै आफ्नो अलग पहिचान र विशिष्ट छवि निर्माण गर्ने दिशामा दृढतापूर्वक अघि बढिरहेको छ। यो उपलब्धि आकस्मिक रूपमा प्राप्त भएको होइन, बरु हाम्रो कार्यकालमा अवलम्बन गरिएका दूरगामी सोच, सुविचारित पहल र सामूहिक प्रयत्नहरूको सार्थक प्रतिफल हो। नेपालकै पहिलो नवग्रह मन्दिरको स्थापना तथा ऐतिहासिक धार्मिक अनुष्ठानको सफल सम्पन्नताले यस भूमिलाई आस्था, संस्कार र सभ्यताको केन्द्रका रूपमा स्थापित गरेको छ। त्यस्तै शिक्षा, स्वास्थ्य, सेवा प्रवाह, कृषि, पूर्वाधार तथा पर्यटनका क्षेत्रमा थालिएका नवप्रवर्तनशील र रूपान्तरणकारी अभियानहरूले स्थानीय समृद्धिका नयाँ क्षितिजहरू उघार्न थालेका छन्। यिनै सत्प्रयास र उपलब्धिहरूका कारण अर्जुनचौपारी आज केवल एउटा स्थानीय तहमा सीमित नरही सम्भावना, प्रगति र गौरवको छुट्टै पहिचान बोकेको उदाउँदो गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ।

५. अर्जुनचौपारी गाउँपालिकालाई समुन्नत र आत्मनिर्भर बनाउन कानुन कार्यान्वयन सशक्त पार्नु, भौतिक पूर्वाधार सुदृढीकरण गर्नु, आन्तरिक स्रोतको अधिकतम परिचालन गर्नु, उत्पादकत्व वृद्धि गर्नु, आयोजना बैंकको प्राथमिकीकरण र प्रभावकारी कार्यान्वयन गर्नु, गुणस्तरीय तथा सुशासनयुक्त सार्वजनिक सेवा र निर्माण कार्य सुनिश्चित गर्नु तथा कर दायरा विस्तार गर्नु जस्ता प्रमुख चुनौतीहरूको सामना गरिरहेको यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

६. सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान तथा वित्तीय हस्तान्तरणमा पछिल्ला केही वर्षदेखि देखिँदै आएको क्रमिक कटौती हुने प्रवृत्तिले स्थानीय तहको विकास योजना तथा बजेट व्यवस्थापनमा उल्लेखनीय दबाब सिर्जना गरेको छ। यस्तो परिस्थितिमा उपलब्ध सीमित स्रोत र सम्भावनाको अधिकतम उपयोग गर्दै आन्तरिक राजस्वको दायरा विस्तार, कर प्रणालीको सुदृढीकरण तथा जनशक्ति र स्रोतको प्रभावकारी परिचालनमार्फत स्थानीय आर्थिक आत्मनिर्भरता अभिवृद्धि गर्ने दिशामा हामी केन्द्रित रहेका छौं।

७. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरु बस्तीस्तरबाट शुरु गरी वडा कार्यालय, विषयगत समिति, राजश्व परामर्श समिति, योजना तथा कार्यक्रम तर्जुमा समितिमा छलफल गरी गाउँ कार्यपालिकामा छलफलको प्रवन्ध मिलाई गाउँ कार्यपालिकाको

सिफारिसले आजको यस गाउँसभामा पेश गरेको व्यहोरा समेत सबै गाउँसभाका सदस्यहरुलाई जानकारी गराउँछु।

**सभाध्यक्षज्यू,**

८. आर्थिक वर्ष २०८३/०८४ को बजेट "साझा प्रतिबद्धता, साझा जिम्मेवारी, हामी सबैको सपना समुन्नत अर्जुनचौपारी" को मूल लक्ष्य तथा जनताको सुखमै समृद्धि, जनताको हितमै विकास भन्ने यस शाश्वत राज्यधर्मको मूल सिद्धान्तलाई आत्मसात गर्दै अर्जुनचौपारी गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति, योजना तथा कार्यक्रम अनुसारको बौद्धिक सनातन संस्कृति, कल्याणकारी राज्य, सुशासन, समाजिक न्याय, दिगो समृद्धिलाई केन्द्रबिन्दुमा राखी आगामी वर्षको बजेट तथा कार्यक्रमको प्राथमिकता निम्न अनुसार रहने छन्:

- गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा र दिगो सुरक्षित पूर्वाधार।
- धार्मिक, आरोग्य, शैक्षिक र खेल पर्यटन प्रवर्द्धनमार्फत आर्थिक समृद्धिको नयाँ आधार तयार गर्ने।
- परम्परागत ग्रामीण एकीकृत कृषि तथा पशुपालन प्रवर्द्धन।
- वैदिक संस्कृति र रैथाने ज्ञान संरक्षणमार्फत संस्कारयुक्त मौलिक समाज निर्माण।
- प्राप्त उपलब्धीहरको संस्थागत आन्तरिकीकरण।

बजेटका लक्ष्य तथा प्राथमिकताका कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यलाई सुदृढ बनाइनेछ। गाउँपालिकाभित्र निहित श्रम, सीप, पूँजी र ज्ञानको समुचित परिचालन गर्दै रोजगारी अभिवृद्धि र स्थानीय अर्थतन्त्रको सबलीकरणका लागि विभिन्न सरोकारवाला पक्षहरूसँगको साझेदारीलाई विशेष प्राथमिकता दिइनेछ।

**सभाध्यक्षज्यू,**

९. अब म चालु आर्थिक वर्ष २०८२/०८३ को हालसम्मको यथार्थ आय व्यय विवरण प्रस्तुत गर्न चाहन्छु ।

क) चालु आर्थिक वर्ष २०८२/०८३ का लागि रु. **४८ करोड ६२ लाख ३० हजार**को बजेट प्रस्तुत गरिएको थियो । गाउँपालिकाबाट स्वीकृत बजेट अनुसार चालु आर्थिक वर्षमा आन्तरिक राजश्व परिचालनतर्फ **८० लाख** लक्ष्य राखिएकोमा जेष्ठ मसान्त सम्म **७५ लाख ४९ हजार १ सय ५० रुपैयाँ** राजश्व उठेको छ । वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने अनुदान रकम मध्ये चालु आर्थिक वर्षको जेष्ठ मसान्त सम्म

**२९ करोड १९  लाख  ११ हजार ७ सय ९६ रुपैंया** स्थानीय सञ्चित कोषमा प्राप्त भएको छ ।

ख) चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म कुल बजेटको ६८.१५ प्रतिशत खर्च भएको छ ।

१०. अब म आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि अर्जुनचौपारी गाउँपालिकाको संचित कोषबाट व्यय हुने स्रोतहरुको संक्षिप्त विवरण राख्न चाहन्छु ।

क) राजश्व बांडफांड तथा आन्तरिक श्रोततर्फ  **१६ करोड ९१ लाख ५२ हजार** आय हुने अनुमान गरिएको छ ।

ख)  अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट **३१  करोड २ लाख  ७२ हजार** प्राप्त हुने अनुमान गरिएको छ ।

ग) आगामी आर्थिक वर्षमा कुल बजेट रु **४७ करोड ९४ लाख २४ हजार** हुने प्रक्षेपण गरिएको छ । जसमध्ये चालु खर्चतर्फ **रु ३२ करोड ७० लाख ९०  हजार** अर्थात **६८.२३** प्रतिशत र पूँजितगतर्फ रु **१५ करोड २३ लाख ३४ हजार** अर्थात **३१.७७** प्रतिशत हुने अनुमान रहेको छ ।

११. यसका अतिरिक्त संघीय तथा प्रदेश सरकार र अन्य साझेदार संस्था मार्फत सहलागानीका कार्यक्रम प्राप्त हुन सक्ने सम्भावना समेत रहेको हुँदा यसरी प्राप्त हुने बजेटबाट कार्यान्वयन गर्नको लागि साझेदारी कार्यक्रम अन्तर्गत समेत बजेट प्रस्ताव गरेको छु।

**सभाध्यक्षज्यू,**

**अव म आगामी आर्थिक वर्षको लागि प्रस्तावित गरिएका विनियोजित बजेट सहित बजेट तथा कार्यक्रम संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।**

क. गाउँपालिकाका ६ वटै वडाहरुको न्यायोचित तथा समानुपातिक विकासका लागि प्रत्येक वडामा वडास्तरीय आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र विपद् व्यवस्थापन साथै सुशासन

तथा संस्थागत विकास लगायतका क्षेत्रहरूमा जम्मा **रू २ करोड २ लाख ४४ हजार** वडास्तरीय कार्यक्रम तथा बजेट विनियोजन गरेको छ।

ख. स्वास्थ्य सेवाको पहुँच र गुणस्तरमा सुधार ल्याउन स्वास्थ्य संस्थाहरूको स्तरोन्नति तथा सेवा विस्तार गरिनेछ। 'नागरिकलाई टेवा, घरघरमा स्वास्थ्य सेवा भन्ने अवधारणालाई मूर्तरूप दिँदै पोषण कार्यक्रम, विद्यालय स्वास्थ्य कार्यक्रम, विशेषज्ञ स्वास्थ्य शिविर तथा मनोसामाजिक परामर्शसम्बन्धी सेवाहरू सहितका जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रमहरूका लागी रु **१ करोड २७ लाख ५३ हजार** बजेट बिनियोजन गरेको छ ।

ग. गाउँ गाउँको जीवनसँग गाँसिएका सामुदायिक महिला स्वयंसेविकाहरू हाम्रो स्वास्थ्य प्रणालीका मौन तर सबभन्दा बलिया आधारस्तम्भ हुन्। उहाँहरूको समर्पणलाई सम्मान गर्दै प्रोत्साहन, क्षमता विकास तथा स्वास्थ्यकर्मीहरूको सीप अभिवृद्धिमार्फत स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाइ प्रत्येक नागरिकसम्म सहज, सुलभ र गुणस्तरीय सेवा पुऱ्याउन आवश्यक बजेटको प्रबन्ध गरेको छ।

घ. शत प्रतिशत घरधुरीका लागि सुरक्षित, स्वच्छ र सहज खानेपानी पहुँच सुनिश्चित गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छ। यस क्रममा पानीका मुहानहरूको संरक्षण, सरसफाइ तथा दीगो उपयोगलाई विशेष प्राथमिकतामा राखिएको छ। साथै, हाम्रो मौलिक पहिचान र सांस्कृतिक धरोहरका रूपमा रहेका पुराना मठमन्दिर, पाटीपौवा तथा ऐतिहासिक भरण पोखरीहरूको संरक्षण, मर्मतसम्भार र सौन्दर्यीकरण गर्दै सांस्कृतिक सम्पदाको जगेर्ना गर्ने एकीकृत कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

ङ. मृगौला प्रत्यारोपण गरेका डायलाइसीस गरिरहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई औषधी उपचार खर्चका लागि **रु १५ लाख ४० हजार** बजेट सुनिश्चितताको व्यवस्था मिलाएको छ ।

च. गाउँपालिकामा संचालनमा रहेको आँखा उपचार केन्द्रबाट हालसम्म करिब ८ हजार बढी सेवाग्राहीलाई सेवा प्रदान गरिएको छ । आँखा उपचार केन्द्रको सेवाहरु थप ,विस्तार तथा गुणस्तर वृद्धि गर्नका लागि **रु ११ लाख** विनियोजन गरेको छ।

छ. स्थानीय जडीबुटीमा आधारित औषधि उत्पादन कार्यक्रमलाई निरन्तरता दिँदै गुणस्तर अभिवृद्धि, व्यावसायिक ब्राण्डिङ तथा प्रभावकारी प्रवर्धन मार्फत राष्ट्रिय बजारसम्म पहुँच विस्तार गर्ने तथा Wellness Tourism कार्यक्रममार्फत आरोग्य पर्यटनलाई संस्थागत गर्न **रु २५ लाख** बजेट व्यवस्था गरेको छ ।

ज. बदलिँदो विद्यालय स्तरमा AI आधारित सिकाइलाइ आयआर्जनसंग जोडी कार्यक्रमलाई निरन्तरता दिन प्रविधिमैत्री शिक्षाको लागि **रु ५० लाख** को बजेट प्रस्ताव गरेको छु ।

झ. विद्यालय र समुदायस्तरमा चेन्ज मेकर्स क्लबमार्फत समुदायमा आधारित सिकाइ कार्यक्रम, नेतृत्व तथा सिप विकास, विद्यालयहरुमा ट्यालेन्ट मेन्टर, स्पोर्ट्स को-अर्डिनेटर व्यस्थापनको लागि **रु १५ लाख** बिनियोजन गरेको छु ।

ञ. शिक्षक क्षमता विकास, उत्प्रेरणा तथा विद्यालय शिक्षा सुधार अभियान, विद्यालय पूर्वाधार विकास, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि **रु २ करोड ९० लाख** बिनियोजन गरको छु ।

ट. "म जिम्मेवार शिक्षक", शैक्षिक उत्प्रेरणात्मक कार्यक्रम, विद्यालय मनोपरामर्श सेवा तथा विद्यालय स्वास्थ्य कार्यक्रमहरूलाई निरन्तरता दिई संघीय सरकारबाट प्रदान गरिरहेको दिवा खाजा व्यवस्थापन कार्यक्रममा गाउँपालिकाबाट प्रति विद्यार्थी रु ५ थप गर्ने गरि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

ठ. परम्परागत सीप, स्थानीय कला र लोपोन्मुख पेशाहरूको संरक्षण तथा पुनर्जागरण गर्दै श्रमसँग प्रत्येक नागरिकलाई जोड्ने, उत्पादन र आयआर्जन वृद्धि गर्ने तथा "गाउँमै सम्भावना, गाउँमै समृद्धि" भन्ने अभियानलाई सशक्त रूपमा अघि बढाउन आवश्यक बजेट प्रस्ताव गरिएको छ।

ड. कृषि, पशुपालन, लघुउद्यम लगायत उत्पादनशील क्षेत्रमा सक्रिय परिवारलाई **परम्परागत ग्रामिण एकीकृत कृषि कार्यक्रम**मा जोड्दै ५० युनिटसम्म विद्युत् महसुल अनुदान, जग्गाको उठ्तीमा सहुलियत, स्वास्थ्य बिमा तथा बिउँ पूजी कार्यक्रम (IPO) मा विशेष प्राथमिकता तथा सहजीकरण लगायतका प्रोत्साहनात्मक सुविधाका लागि **रु २० लाख** को श्रोत सुनिश्चित गरेको छु ।

ढ. साना लगानीले ठूलो भरोसा जन्माउँछ भन्ने विश्वासका साथ बीउ पूँजी कार्यक्रम र आईपीओ जस्ता वित्तीय अभ्यासमार्फत हामीले नागरिकलाई केवल लाभार्थी होइन, लगानीको हिस्सेदार बनायौं, स्वामित्वको अनुभूति दिलायौं। त्यसैको परिणामस्वरूप गाउँपालिकाले अर्जुनचौपारीका बासिन्दाको नाममा नि:शुल्क भरिदिएको रु २५ लाखको लगानीको वर्तमान मुल्य करिब रु. २ करोड ३० लाख पुगेको छ। यो केवल अंकको वृद्धि होइन,अर्थतन्त्रमा जनसहभागिता, आत्मविश्वास र आत्मनिर्भरतातर्फको ठोस कदम हो, जसलाई हामी अझ विस्तार र संस्थागत गर्दै लैजानेछौं।

ण. महिला सशक्तीकरणका क्षेत्रमा गाउँपालिकाले अघि सारेको आमा समूह मोडेल देशकै उत्कृष्ट र अनुकरणीय अभ्यासका रूपमा स्थापित हुँदै गएको छ। कच्चा नछोड्नु, जम्मा नछोड्नु

भन्ने रैथाने जीवनबोधलाई आधार मानी महिलाको क्षमता र सम्भावनाको कुनै कुनो बाँकी नरहने गरी बीउ पूँजी, क्षमता विकास तथा विकासमा सक्रिय सहभागितामार्फत सीप, उद्‌यमशीलता, नेतृत्व विकास र आयआर्जनका अवसरहरूलाई थप फराकिलो बनाउँदै उहाँहरूलाई आत्मनिर्भर बनाउने लक्ष्यसहित **रु. ८० लाख** विनियोजन गरेको छु।

त. स्याङ्जा जिल्लाको पहिचानका रूपमा अर्जुनचौपारीले छोटो समयमै देशव्यापी ख्याति आर्जन गर्न सफल नेपालको पहिलो नवग्रह मन्दिरलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अझ प्रभावकारी रूपमा प्रचार-प्रसार तथा प्रवर्द्‌धन गर्दै दहारे देउराली, एकानन्द गुफा र लामडाँडा होमस्टे जस्ता प्रमुख पर्यटकीय गन्तव्यहरूलाई एकीकृत पदमार्गमार्फत जोड्दै साहसिक पर्यटन तथा ट्रेल रनिङ गतिविधिलाई संस्थागत रूपमा अघि बढाउने उद्‌देश्यसहित आवश्यक बजेटको प्रबन्ध गरेको छु।

थ. धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको संरक्षण र प्रवर्द्‌धन गर्दै नेपालकै पहिलो अवधारणाका रूपमा धार्मिक होमस्टे सञ्चालनलाई संस्थागत गरी परम्परागत सनातन संस्कृतिको जगेर्नासँगै स्थानीय स्तरमा आय-आर्जन र रोजगारी सिर्जनालाई सुदृढ बनाउने उद्‌देश्यले परम्परागत तथा घरेलु इलम प्रवर्द्‌धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

द. गाउँपालिका भित्र उत्पादन भएको कृषि उपजको सहज विक्री वितरण तथा बजारीकरण गर्न हाट बजार निर्माणको लागि **रु २० लाख** बजेट व्यवस्था गरेको छु एवं तरकारी पकेट विकास कार्यक्रमका लागि **रु १२ लाख** बजेट व्यवस्था गरेको छु।

ध. गाउँपालिकाद्‌वारा संचालित नवग्रह कृषि फर्ममा मूल बिउबाट उन्नत बिउ उत्पादन तथा विभिन्न परिक्षण, जैविक खेति प्रवर्धन, पहाडे गाई संरक्षण र पशु कल्याण प्रवर्धनका लागि पशु व्यवस्थापन कार्यक्रम, भैंसी प्रवर्धन कार्यक्रमको लागि **रु. ४१ लाख** विनियोजन गरेको छु ।

न. नवीन सोच, प्रविधि र उद्‌यमशीलतालाई उत्पादन र समृद्‌धिसँग जोड्दै परम्परागत तकावी कर्जाको मर्मलाई आधुनिक स्वरूपमा रूपान्तरण गरी Start Up कर्जा, उत्पादनमा आधारित अनुदान तथा उत्पादनमा उपाध्यक्ष कार्यक्रममार्फत गाउँपालिकाभित्र रोजगारी र आयका नयाँ अवसरहरू सिर्जना गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

ऩ. वैदिक सनातन जीवन पद्‌धति र रैथाने संस्कारलाई आत्मसात् गर्दै गाउँ समाजलाई आत्मनिर्भर, श्रमशील र उत्पादनमुखी बनाउने मूल भावनालाई केन्द्रमा राख्दै आयातित विकास

मोडेलमा अत्यधिक निर्भरता घटाइ स्थानीय ज्ञान, सीप र स्रोतमा आधारित विकास प्रणालीलाई प्रवर्द्धन गरिनेछ।

प. अर्जुनचौपारी गाउँपालिका वडा नं ५ थाप्ले स्थित 19O7 Arena क्रिकेट मैदानको निर्माण सम्पन्न तथा स्तरोन्नति, Franchise Based Cricket Tournament संचालन मार्फत High Altitude Sports Tourism प्रवर्धन गर्न **रु ५० लाख** विनियोजन गरेको छ।

फ. औद्योगिक ग्राम ढुँगा कटिङ उद्योगको प्रभावकारी संचालन मार्फत उद्यमशिलता र रोजगारी सिर्जना गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छ।

ब. आम जनताको आम्दानीको मुख्य मुहानलाई सबल र दिगो बनाउने अभिप्रायका साथ सीपमूलक रोजगार प्रवर्द्धनका लागि रोजगार सेवा केन्द्र, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, स्थानीय रोजगार कार्यक्रम तथा दलित उत्थान केन्द्रमार्फत सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिँदै आवश्यक बजेटको व्यवस्था गरेको छ।

भ. गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवा तथा विकासका योजनाहरुमा सूचना तथा प्रविधिको प्रयोग मार्फत पारदर्शी, सरल र पहुँचयोग्य बनाइ सुशासन कायम गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

म. विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य, राहत, उद्धार तथा पुनर्स्थापना कार्य सुदृढ गर्दै विपद् व्यवस्थापन कोषमा रु २० लाख विनियोजन गरेको छ। साथै नागरिकको सक्रिय सहभागितामा आधारित सरसफाइ तथा सचेतना अभियान सञ्चालन गर्दै समुदायमा आधारित विपद् व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

य. निर्माण मात्र होइन, पूर्वाधारको दिगो तथा सुरक्षित अवतरणसमेत उत्तिकै महत्त्वपूर्ण पक्ष भएकाले सडक सुरक्षा पूर्वाधारहरूको योजनाबद्ध निर्माण, जोखिमयुक्त स्थानहरूमा आवश्यक संरचना (क्र्यास ब्यारियर, रेलिङ, जेब्रा क्रसिङ, कन्भेक्स मिरर आदि) को स्थापना, सडक संकेत तथा चिह्नहरूको व्यवस्थापन तथा नियमित मर्मतसम्भारमार्फत सुरक्षित आवागमन सुनिश्चित गर्न रु. १ करोड बजेट सुनिश्चितता गरेको छ।

र. निर्माणसँगै पूर्वाधारको आयु, गुणस्तर र सुरक्षाको निरन्तर परीक्षण तथा मूल्याङ्कन अपरिहार्य भएकाले सम्भावित जोखिमहरूको समयमै पहिचान र व्यवस्थापन गर्दै दिगो विकास सुनिश्चित गर्न पूर्वाधार अडिट प्रणालीका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

ल. सडक दुर्घटनासहित जोखिमयुक्त कार्यहरूमा संलग्न हुने चालक, सहचालक तथा अन्य श्रमिकहरूको जीवन तथा स्वास्थ्य सुरक्षालाई प्रत्याभूत गर्दै आकस्मिक जोखिमको अवस्थामा

आर्थिक सुरक्षा उपलब्ध गराउने उद्देश्यले बीमा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

व. गुणस्तरीय सेवा प्रवाहका लागि गाउँपालिका मातहातका सम्पूर्ण कार्यालयहरु आफ्नै पक्कि भवनबाट सेवा दिंदै आइरहेकोमा वडा नं. ६ को कार्यालय भवन हालसम्म कच्ची अवस्थामै रहेको सन्दर्भलाई दृष्टिगत गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी, सुरक्षित र व्यवस्थित बनाउन वडा नं. ६ कार्यालय भवनलाई समेत पक्की संरचनामा स्तरोन्नति गर्न रु. **१ करोड ३४** लाख बजेट सुनिश्चित गरेको छु ।

श. गाउँपालिकाको सदरमुकाम देखि सबै वडा कार्यालयहरु पक्कि सडक जोड्ने उद्देश्यका साथ अघिल्ला वर्षहरुमा बजेट विनियोजन गरेकोमा हालसम्म १,२,३,४ र ६ नम्बर वडा कार्यालयसम्म पक्कि सडक पुगेको छ। वडा नम्बर ५ को कार्यालयसम्म पक्कि सडक विस्तारको लागि **रु २ करोड २० लाख** बजेटको व्यवस्था मिलाएको छु।

ष. पिपलडाँडा-तालपोखरी-दोभानखोला सडक स्तरोन्नतिका लागि बहुवर्षीय योजनाको रुपमा **रु २ करोड 50 लाख**, लामडाँडा केवरे सडक लागि **रु ३ करोड**, नवग्रह मन्दिर पहुँचमार्ग सडकका लागि आवश्यक बजेट सुनिश्चित गरेको छु ।

स. अर्जुनचौपारी-छापा-सल्यान-आग्रिखर्क मोटरबाटोका लागि बहुवर्षीय योजनाको रुपमा कार्यान्वयन हुने गरी **रु २ करोड 50 लाख,** रापाकोट-खेवांग-आरुचौर सडक स्तरोन्नतिका लागि रु **१ करोड**, अर्जुनचौपारी-माझपाटा सडक स्तरोन्नतिका लागि रु १ **करोड** बजेट सुनिश्चित गरेको छु।

ह. गाउँपालिकाका पहिलो प्राथमिकताका मुख्य सडक सञ्जालहरू कालोपत्रे तथा पक्कीकरणको अन्तिम चरणमा प्रवेश गरिसकेको सन्दर्भमा यातायात सञ्जाललाई अझ व्यवस्थित, सुरक्षित र दीगो बनाउँदै दोस्रो प्राथमिकताका सडकहरूको स्तरोन्नति गर्न विरुवा-तमाखुबारी सडक, 1907 क्रिकेट मैदान पहुँच मार्ग, अर्जुनचौपारी-राम्चे-शिर्खु-काफलडाँडा लगायतका सडकहरुको स्तरोन्नति गर्न आवश्यक बजेटको श्रोत सुनिश्चित गरेको छु।

**सभाध्यक्षज्यू,**

१२. बजेट कार्यान्वयन सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्जुनचौपारी गाउँपालिकाको आर्थिक ऐन, २०८३ र विनियोजन ऐन, २०८३मा भएको व्यवस्था अनुसार श्रावण महिना देखि नै बजेट तथा कार्यक्रम कार्यान्वन गर्न आवश्यक व्यवस्था मिलाइएको छ ।

१३. यस सम्मानित सभामा प्रस्तुत यो कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिका वासीहरुको हक र अधिकार सुदृढ हुँदै जाने, सार्वजनिक सेवाको गुणस्तर र प्रभावकारिता थप अभिवृद्धि हुने विश्वास राखेको छु। भौतिक, सामाजिक र आर्थिक क्षेत्रमा ठोस र सकारात्मक परिवर्तन महसुस हुनेछ भन्ने मलाई पूर्ण आशा लिएको छु। साथै यो बजेट तथा कार्यक्रमको कार्यान्वयनले गाउँपालिकावासीहरुमा अपनत्वको भावना थप बलियो बनाउनेछ र सबैले हातेमालो गर्दै गाउँको समग्र विकासमा आआफ्नो जिम्मेवारी पूर्ण इमानदारीका साथ निर्वाह गर्नुहुनेछ भन्ने अपेक्षा गर्दछु।

१४. बजेट तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा मार्गदर्शन गर्नुहुने सम्माननीय गाउँपालिका अध्यक्षज्यू, गाउँकार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, विषयगत समिति, राजनीतिक दल, निजी तथा सहकारी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी, व्यापारिक प्रतिष्ठान, सरोकारवाला महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। योजना तथा बजेट निर्माणमा अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारीहरूलाई विशेष धन्यवाद दिँदै, कार्यान्वयनमा पनि सबै पक्षको सक्रिय सहभागिता, समन्वय र सहकार्य रहने पूर्ण विश्वास लिएको छु।

**धन्यवाद ।**